आज मिति २०७४ माघ २३ गते मंगलवार दिनको ३:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप–प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना ह्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री रोहित राज पोखरेल

विषयहरु :–

१. ख्वप बहुउद्देश्यीय भवन निर्माणबारे ।
२. राजपत्र प्रकाशित बारे ।
३. समिति निर्णय अनुमोदन बारे ।
४. विविध ।

१. ख्वप बहुउद्देश्यीय भवन निर्माणबारे पछि छलफल गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको तर्फबाट राजपत्र प्रकाशित गर्ने निर्णय गरियो ।

३. विभिन्न समितिहरुको निर्णय अनुमोदन सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो :

वातावरण तथा पर्यटन समिति :

मिति २०७४।९।२३ गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाद्वारा आयोजित तीन दिने एकीकृत फोहरमैला व्यवस्थापन तथा कौशी खेती सम्बन्धी तालिम (पौष १६–१८) संचालनको लागि समितिका सदस्य श्री सुनिता अवाल (प्रजापति) ले रु.१,००,०००।– पेश्की लिनु भई आवश्यक व्यवस्था खर्च रु.६४,१५५।– हुंदा बांकी रु. ३५,८४५।– रुपैया बैंक दाखिला गर्न पेश गर्नु भएको हुंदा खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

मिति २०७४।१०।१० गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. नियमित सरसफाई कार्यक्रम मिति २०७४ माघ १५ गते विहान ७:०० बजे वडा नं. ८ ब्रम्हायणी मन्दिर पिठ परिसर र खोला परिसरमा गर्ने निर्णय गरियो ।

ख. डिभिजन सडक कार्यालयको ब्रुमरबाट भक्तपुर नगरपालिकाको चक्रपथ सडकमा सरसफाई गर्नको लागि आवश्यक इन्धन भ.न.पा.बाट व्यवस्था गर्ने निर्णय गरियो ।

ग. एकीकृत फोहर मैला व्यवस्थापन तथा कौशी खेती गर्नेबारे तालिम प्रत्येक वडामा संचालन गर्न र ३ दिने तालिम लिइसकेकाहरुलाई प्रशिक्षकको भूमिका निभाउन लगाउने गरी तालिम संचालन गर्नेबारे पत्राचार गर्ने निर्णय गरियो ।

नगर शिक्षा समिति :

मिति २०७४।१०।२१ गते बसेको नगर शिक्षा समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. श्री पद्म मा.वि. दरवार क्षेत्र भक्तपुरबाट विद्यालय व्यवस्थापन समितिको मिति २०७४।९।३० गतेको निर्णय प्रतिलिपि र अन्य आवश्यक कागजातसहित निम्न अनुसारका करार शिक्षकहरुको नियुक्ति समर्थन तथा अभिलेखीकरणका लागि निवेदन पेश भएकोले निम्न शिक्षकहरुको नियुक्ति समर्थन र अभिलेखीकरण गर्ने निर्णय गरियो :

क. प्राथमिक तह तृतीय श्रेणी – श्री ढाकादेवी शर्मा

ख. निम्न माध्यमिक तह (गणित) – श्री प्रशान्त सिग्देल

ग. माध्यमिक तह (द्वितीय श्रेणी) प्रशिक्षक

अ. सिभिल इन्जिनियरिङ्ग – श्री जगदिश चन्द्र कार्की

आ. भौतिक शास्त्र – श्री अनुत्तररत्न बज्राचार्य

घ. श्री बासु मा.वि., भक्तपुरबाट विद्यालय व्यवस्थापन समितिको मिति २०७४।१०।१५ गतेको निर्णय प्रतिलिपी र अन्य आवश्यक कागजातसहित निम्न अनुसारका करार शिक्षकहरुको नियुक्ति समर्थन तथा अभिलेखीकरणका लागि निवेदन पेश भएकोले निज शिक्षकहरुको नियुक्ति समर्थन र अभिलेखीकरण गर्ने निर्णय गरियो :

क. नि.मा.वि. तृतीय श्रेणी (अंग्रेजी) – कल्पना सुजखु

ख. प्रा.वि. तृतीय श्रेणी – यमुना श्रेष्ठ (कासुला)

ङ. राजर्षि गुरुकुल प्रा.वि. तथा कम्यूनिकेटिभ इङ्गलिस स्कूल प्रा.लि. भक्तपुरलाई गाभी राजर्षी गुरुकुल प्रा.लि. कायम गरिएको कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको च.नं. १०२३४ मिति २०७४।६।९ को पत्र, वडा समितिको सिफारिस तथा दुवै विद्यालयका विद्यालय व्यवस्थापन समितिहरुको निर्णय प्रतिलिपी समेत राखी श्री कम्युनिकेटिभ इङ्गलिस स्कूल र राजर्षी गुरुकुल विद्यालय भक्तपुरले नाम, ठेगाना र स्वामित्व श्री राजर्षी गुरुकुल प्रा.लि. विद्यालय अन्तर्गत कायम रहने गरी दुवै विद्यालय गाभ्न निवेदन दिनु भएकोमा सो सम्बन्धमा यस नगरपालिकाबाट १५ दिने सार्वजनिक सूचना समेत जारी गर्दा कुनै दावी विरोध पेश हुन नआएकोले सम्पूर्ण स्वामित्व, नाम तथा ठेगाना श्री राजर्षी गुरुकुल प्रा.लि. विद्यालय सल्लाघारी, भक्तपुर कायम रहने गरी निवेदक विद्यालयहरुलाई गाभ्ने निर्णय गरियो ।

च. शैक्षिक सत्र २०७४ का लागि संस्थागत विद्यालयहरुले लिने शुल्कको सीमा अध्ययन गरी २०७४ माघ मसान्तभित्र सीमा प्रस्ताव पेश गर्न नगर शिक्षा समितिका सदस्य एवं वडाअध्यक्ष श्री उकेश कवांज्यूको संयोजकत्वमा समितिकै सदस्य योगेन्द्रमान बिजुक्छें र सदस्य सचिव रुद्र शर्मा रहने गरी **"संस्थागत विद्यालय शुल्क सीमा अध्ययन समिति"** लाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

युवा तथा खेलकुद समिति :

मिति २०७४।१०।१७ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. मिति २०७४।११।३ गतेदेखि हुने मेयर कप भलिबल प्रतियोगिताको लागि खेल मैदान मर्मत तथा व्यवस्थापन, प्रचार प्रसार र भ.न.पा. टिम तयार/जर्सी/खाजाको लागि वडा अध्यक्ष कुमार चवालले रु.५,००,०००।– (पांच लाख) पेश्की लिने निर्णय गरियो ।

बालबालिका तथा समाज कल्याण समिति :

मिति २०७४।१०।११ गते बसेको बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो:

१. यस समितिको आयोजनामा निम्न तालिमहरु दिन सूचना प्रकाशित गर्ने निर्णय गरियो :

क. बेशिक सिलाई – ४० जना – ४ महिना

ख. एड्भान्स सिलाई – २० जना – ३ महिना

ग. पाक शिक्षा – २० जना – ३ महिना

घ. चाइनिज भाषा – २५ जना – ४ महिना

ङ. नेपाल भाषा (रञ्जना लिपी) – २० जना – ३ महिना

च. काष्ठकला – २० जना – ६ महिना

छ. हेयर कटिङ्ग – २० जना – ३ महिना

माथि उल्लेखित तालिमहरु २०७४ फागुन १ गतेदेखि संचालन गर्ने ।

**बालबालिका तथा समाज कल्याण समिति :**

मिति २०७४।१०।१७ गते बसेको बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियोः

क. आधारभूत सिलाई, एड्भान्स सिलाई, बुटिक, चाइनिज भाषा, पाक शिक्षाका प्रशिक्षार्थीहरुको परीक्षामा सफल सबैलाई प्रमाणपत्र दिने र प्रथम, द्वितीय र तृतीयलाई पुरस्कारको व्यवस्था गर्ने । प्रथम पुरस्कार, द्वितीय पुरस्कार र तृतीय पुरस्कारको निम्ति क्रमशः रु.१,०००।–, रु.७,००।– र रु.५,००।– बराबरको सम्बन्धित पुस्तक खरिद गरी पुरस्कार दिने अनुमोदन गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा स्थानीय पाठ्यक्रम तयार गर्ने ध्येयले देहाए बमोजिमका पदाधिकारीहरु रहने गरी कार्यदल गठन गर्ने निर्णय गरियो :

**तपसिल**

१. योगेन्द्रमान बिजुक्छें – संयोजक

२. उद्धव सुजखु – सदस्य

३. राजेन्द्र श्रेष्ठ – सदस्य

४. रोशन राज तुईतुई – सदस्य

५. सिद्धिरत्न शाक्य – सदस्य

४. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क.** भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक पर्ने सवारी साधनको सामान र सरसफाईका सामानहरू खरिद गर्न मिति २०७४।८।१३ गते गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित विज्ञापन अनुसार म्यादभित्र पेश हुन आएको ५ (पांच) वटा सिलवन्दी दरभाउपत्र मिति २०७४।८।२८ गते भ.न.पा. सभा कक्षमा दिनको १:०० बजे विभिन्न कार्यालयका प्रतिनिधिहरू र कर्मचारीहरूको रोहवरमा खोली बोलपत्र मूल्यांकन समितिमा छलफल हुंदा सबभन्दा कम दररेट पेश गर्ने र नियमानुसार भएका र बोल रकममा

सवभन्दा कम उल्लेख गर्ने न्यू सुयोग ईन्टरप्राईजेज्को भ्याटवाहेक रू.११,३३,६१५।– एघार लाख तेत्तीस हजार छ सय पन्ध्रको सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने भनी मिति २०७४।९।३ गते बसेको बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भए अनुसार मिति २०७४।९।६ गतेको मजदुर दैनिक पत्रिकामा दरभाउपत्र □बोलपत्र स्वीकृतिको आशय पत्रसमेत प्रकाशित भइसकेकोमा म्यादभित्र कुनै पनि संघ, संस्था वा सप्लायर्सबाट दावी विरोध पर्न नआएको भएतापनि उक्त सामानहरू मकेर जाने र ठाउंको अभाव भएको हुंदा हाललाई उक्त दरभाउपत्रहरू रद्द गरी धरौटी फिर्ता गर्ने निर्णय गरियो ।

ख. यस कार्यालयको बा.३ च ५४३ नं. को शववाहन गाडी मर्मतको लागि चालकबाट पेश भएको रू.७०,७००।– अनुमानित लागत स्वीकृति गरी मर्मत गराउने निर्णय गरियो ।

ग. यस कार्यालयको बा.१क ४५५४ नं. को जेटि□ मेशिन मर्मतको लागि चालकबाट पेश भएको रू.२६,७१८।८५ को अनुमानित लागत स्वीकृति गरी मर्मत गराउने निर्णय गरियो ।

घ. यस कार्यालयको बा.१ग २९४१ नं. को बाकोहो लोडर फुल सर्भिसि□ गर्न चालकबाट पेश भएको रू.९४,३४७।२० को अनुमानित लागत स्वीकृति गरी मर्मत गराउने निर्णय गरियो ।

ङ ख्वप इन्जिनियरि□ कलेज र ख्वप कलेज अफ इन्जिनियरि□बाट यस भक्तपुर नगरपालिका कार्यालयको प्राविधिक कामको सिलसिलामा कार्य गराउनु पर्ने अवस्थामा प्रति प्राविधिक प्रति दिन रू.१५००।– (अक्षेरूपी रू.एक हजार पांच सय) पारिश्रमिक वापत भुक्तानी दिने निर्णय गरियो ।

**च. उपभोक्ता समिति तथा अनुगमन तथा निरीक्षण अनुमोदन सम्बन्धमा छलफल हुंदा देहाय अनुसार उपभोक्ता समिति गठन भै आएको अनुमोदन गर्ने निर्णय गरियो :**

**क. योजनाको नाम : भ.न.पा.वडा नं. २ स्थित वडा कार्यालयदेखि पुरानो न.पा. भवनको बाटोमा ईटा छपाई कार्य**

**<u>पदाधिकारीहरुको नाम :</u>**

**१. अध्यक्ष : श्री हरि प्रसाद सुवाल**

**२. सचिव : श्री कृष्णराम सुवाल**

**३. कोषाध्यक्ष : श्री बद्री लक्ष्मी कोजु**

**४. सदस्य : श्री मैया केशरी कोजु**

**५. सदस्य : श्री सूर्य लक्ष्मी कोजु**

**६. सदस्य : श्री न्हुछे राम कोजु**

**७. सदस्य : श्री तुल्सी नारायण शाही**

**८. सदस्य : श्री ज्ञानेन्द्र शाही**

९. सदस्य : श्री न्हुछे भक्त कोजु

ख. योजनाको नाम : भ.न.पा.वडा नं. ९ स्थित पर्यटन सूचना केन्द्र निर्माण कार्य

**पदाधिकारीहरुको नाम :**

१. अध्यक्ष : श्री विष्णु बहादुर मानन्धर

२. सचिव : श्री सुलोचना छ्वाजु (लवजु)

३. कोषाध्यक्ष : श्री संजय मानन्धर

४. सदस्य : श्री नाती बहादुर चित्रकार

५. सदस्य : श्री कृष्णभक्त प्रजापति

६. सदस्य : श्री केदार प्रसाद बनेपाली

७. सदस्य : श्री सन्तेमाया गाईजु

८. सदस्य : श्री पशुपतिमान थकु

९. सदस्य : श्री विष्णु केशरी प्रजापति

१०. सदस्य : श्री सीताराम न्हेम्हाफुकी

११. सदस्य : श्री लुद्री मैया ज्ञामरु (प्रजापति)

**अनुमगन तथा निरीक्षण समिति**

१. संयोजक : श्री इन्द्र बहादुर प्याथ

२. सदस्य : श्री कृष्ण बहादुर प्रजापति

३. सदस्य : श्री गौतम प्रजापति

४. सदस्य : श्री श्याम कृष्ण लवजु

५. सदस्य : श्री चण्डेश्वरी सांगामी

ग. योजनाको नाम : भ.न.पा.वडा नं. ८ स्थित मेतं पाटी मर्मत कार्य

**पदाधिकारीहरुको नाम :**

१. अध्यक्ष : श्री शिवराम बोहजु

२. सचिव : श्री देवेन्द्र दुवाल

३. कोषाध्यक्ष : श्री कृष्णाश्वरी बोहजु

४. सदस्य : श्री आशावेटी दुवाल (बोहजु)

५. सदस्य : श्री असल माया बोहजु

६. सदस्य : श्री पुन्यराम बोहजु

७. सदस्य : श्री कृष्ण गोपाल लाखेमरु

**अनुमगन तथा निरीक्षण समिति**

१. संयोजक : श्री तुल्सी नारायण लाखेमरु

२. सदस्य : श्री सीताराम बोहजु

३. सदस्य : श्री राजाराम बोहजु

४. सदस्य : श्री पंच लक्ष्मी दुवाल

५. सदस्य : श्री चम्पा ज्ञामरु

छ. खर्च समर्थन सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

१. यस कार्यालयद्वारा मिति २०७४।९।१६ गतेदेखि १८ गतेसम्मको फोहर मैला व्यवस्थापन तथा कौशी खेती विषयमा ३ दिने तालिममा आवश्यक व्यवस्था गर्न सुनिता प्रजापतिबाट रु.१,००,०००।– पेश्की लिनु भई

रु.६४,१५५।- खर्च र बांकी रु.३५,८४५।- दाखिला गर्नु भएको हुंदा निजको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

२. यस कार्यालयको मिति २०७४।१०।३ गतेदेखि ५ सम्म दोश्रो नगर सभा बस्दा आवश्यक नास्ता खाजा व्यवस्था गरेको रु.४,५१,१०२।- खर्च समर्थन गरी सूर्यविनायक पार्टी भेनुलाई र विभिन्न मितिमा बोर्ड बैठक बस्दा रु.३९,०००।- समेत जम्मा रु.४,९०,१०२।- भुक्तानी दिने निर्णय गरियो ।

३. यस भक्तपुर नगरपालिकाको दोश्रो नगर सभा समुद्घाटन २०७४ माघ ३ गते आवश्यक मंच, पाल, मेच, डिनर टेबल र कार्पेट व्यवस्था गरेको भाडा रु.६१,०२८।- भुक्तानी तलेजु बैक्वेटलाई गएको ।

ज. ल.ई. सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

आ.व. ०७४।७५ मा नपा/वडास्तरीय योजनाहरूको विवरण

निर्माण समितिबाट स्वीकृत

| सि.नं | योजनाको नाम | वडा नं | ल.ई रकम | उपभोक्ता समिति अध्यक्ष | सदस्यहरू | अनुगमन समिति सयोजक | सदस्य हरू | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| क | वडा स्तरिय तथा नपा स्तरिय योजनाहरू | | | | | | | | |
| १ | पर्यटन सूचना केन्द्रमा शौचालय निर्माण | ९ | ५८,६७,०२०।२८ | बिष्णुबहादुर मानन्धर | ११ | इन्द्र बहादुर प्याठ | ५ | नपा बजेट | |
| २ | वडा नं. २ देखि जिल्ला प्रशासन हुँदै पुरानो नपा भवनसम्म ईटा छपाई कार्य | २ | ११,६७,१९६।४ | हरि प्रसाद सुवाल | | | | सडक बोर्ड | |
| ३ | वडा न ८ मेट पाटी मर्मत कार्य | ८ | ४,०१,३७९।०० | शिबराम बोहजू | ७ | तुल्सी नारायण लाखेमरू | | नपा बजेट | |

आ.व. ०७४।७५ मा नपा/वडास्तरीय योजनाहरूको विवरण

निर्माण समितिबाट स्वीकृत

| सि.नं. | योजनाको नाम | रूपान्तरित बजेट | वडा नं | ल.ई रकम | साबिक स्वीकृत योजनाको नाम | ल.ई रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क | नगरस्तरीय योजनाहरू | | | | | | |
| १ | साविक १४ वडाको शिशु स्याहार कार्यालय भवनमा छाना मर्मत | नपा बजेट | ४ | ६,२४,१३८।४४ | साविक १४ वडा कार्यालय भवनमा छाना मर्मत | ६,२४,१३८।४४ | वडा बजेट |

आ.व. ०७४।७५ मा नपा/वडास्तरीय योजनाहरूको विवरण

निर्माण समितिबाट स्वीकृत

| सि.नं. | योजनाको नाम | वडा नं | ल.ई रकम | कैफियत |
|---|---|---|---|---|
| क | वडा स्तरीय योजनाहरू | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | भगबती स्थानस्थित पर्यटक शौचालय निर्माण कार्य | ५ | १६,९७,६५१।०२ | नपा बजेट |

**झ. पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| सि. नं. | योजना | वडा नं. | ल.ई. | आंशिक मुल्यांकन | जम्मा मुल्यांकन | खुद खर्च | आंशिक पेश्की फछ्र्यौट भइसकेको | पेश्की | भुक्तानी दिनुपर्ने | पेश्की फिर्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चोफल नारायण मन्दिर पुन: निर्माण कार्य | ९ | ६,१६,९७७।५६ | | ६,०४,९४२।८८ | ५,३६,९६२।२२ | | ४,००,०००।००  | १,३६,९६२।२२ | | नपा बजेट र श्रमदान भएको |
| २ | दाफा पाटी पुन: निर्माण कार्य | २ | १३,९८,०४२।५९ | ९,८४,९८०।६८ | १०,८७,०८७।०७ | ९,२१,६६५।०० | ८,३१,३१५।०० | २,००,०००।०० | | १,०९,६५०।०० | नपा बजेट र श्रमदान भएको |
| ३ | १ वडामा खानेपानी ब्यवस्थाको लागि तल्ला थप गर्ने | १ | ४,०५,८५५।७३ | | ३,४८,२९१।१७ | ३,०५,८१२।६८ | | ४,२०,०००।०० | | १,१४,१८७।३२ | नपा बजेट |
| ४ | इनाचो खंचा सडक वत्ति जडान गर्ने कार्य | ७ | ३,१६,७५२।४५ | | ३,२६,२५१।३७ | ३,०२,९८५।१७ | | १,००,०००।०० | १९९,९१८।६४ | | नपा बजेट |